# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :२०७७/०७८
चलानी नं २८३५

मितिः— २०७८/०२/२८

विषयः— विद्यालयहरुमा इन्टरनेट व्यवस्थापन सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
बेसीशहर नगरपालिका, लमजुङ

प्रस्तुत विषयमा कोभिड १९ का कारण उत्पन्न परिस्थितिले गर्दा विद्यालयहरुमा प्रत्यक्ष कक्षा सञ्चालन हुन नसक्ने परिस्थितिमा पनि इन्टरनेटको माध्यमबाट भर्चुवल कक्षा सञ्चालन गरि विद्यार्थीहरुको सिकाइलाइ निरन्तरता दिने सम्बन्धमा विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७ मा उल्लेख भएको व्यहोरा सबै विद्यालयहरुलाइ अवगत नै छ ।हालसम्म पनि  उक्त कार्यका लागि इन्टरनेट जडान गर्न बाँकी रहेका विद्यालयहरुले आगामी २०७८/०३/१० गतेभित्र इन्टरनेट जडानगरि तपसिल अनुसारले कागजातहरु पेश गरेमा कोभिड –१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम मार्फत अधिकतम् रु १२,०००। विद्यालयलाइ अनुदान दिने कार्यक्रम भएकाले सबै आधारभूत तहका सामुदायिक विद्यालयहरु (कक्षा १–३, १–५ सम्म सञ्चालित) लाई जानकारी गराइएको छ । यस भन्दा अगाडिदेखि इन्टरनेट जडानगरि भर्चुवल बिधिबाट सिकाइ सहजिकरण सञ्चालन गरेका सामुदायिक विद्यालयहरुले इन्टरनेट प्रदायक संस्थालाइ  रकम  भुक्तानीका लागि समेत अधिकतम् रु १२,०००। अनुदान दिन सकिने भएकाले तल उल्लिखित कागजातहरुसमेत संलग्नगरि २०७८/०३/१० गतेभित्र बे.न.पा. शिक्षा शाखामा माग पेश गर्न जानकारी गराइन्छ ।

१ इन्टरनेट जडान गरि भुक्तानी माग गर्ने विद्यालयले पेश गर्ने कागजातहरुः

(क) विद्यालयको पत्र
(ख) विद्यालयको नामबाट विद्युत महसुल तिरेको रसिद
(ग) इन्टरनेट जडान गरेको बिल
(घ) इन्टरनेट जडान भएको सम्बन्धमा वि व्य स को निर्णय
(ङ) वि. व्य. स. को निर्णय सहित भरचुवल कक्षा सञ्चालन गर्ने प्रतिबद्धता

२ इन्टरनेट शुल्कका लागि अनुदान माग गर्ने विद्यालयले पेश गर्नुपर्ने कागजातहरुः

(क) विद्यालयको पत्र
(ख) इन्टरनेट महसुल तिरेको रसिद
(ग) वि. व्य. स. बाट भर्चुवल कक्षा सञ्चालन भएको निर्णय वा वि. व्य. स. को निर्णय सहित भर्चुवल कक्षा सञ्चालन गर्ने प्रतिबद्धता पत्र

२०७८/०२/२८

किसान राज चिलुवाल
उप-सचिव